ADCCN ई-बुलेटिन
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल
e-Bulletin
Vol. 6 [Issue –I] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-Bulletin, March-April 2023 (२०८० बैशाख)

# महामहिम राष्ट्रपतिज्यूसंग जिल्ला समन्वय समिति महासंघ नेपालको प्रतिनिधि मण्डलको भेट



जिल्ला समन्वय समिति महासंघ नेपालको प्रतिनिधि मण्डलले मिति २०७९ चैत्र १२ गते भेट गरि महामहिम सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूलाई नेपालको तेस्रो राष्ट्रपतिका रुपमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो । उक्त अवसरमा ७७ वटै जिल्ला समन्वय समितिको तर्फबाट संविधानतः व्यवस्था भएको काम, कर्तव्य र अधिकार (धारा २२० को ७ अनुसार) कार्यान्वयनका लागि आवश्यक ऐन कानून र बजेट नेपाल सरकारको कार्यक्रममा समावेश गरि प्रभावकारी भूमिका सम्बन्धी अनुरोध पत्र महासंघ उपमहासचिव दिपक कुमार गौतमले पढेर सुनाउनु भएको थियो भने सो अनुरोध पत्र नेपाल सरकारलाई आवश्यक निर्देशन हुन महामहिम राष्ट्रपतिज्यूलाई महासंघका अध्यक्ष राजन मेहताले हस्तान्तरण गरि दिनु भएको थियो ।



महामहिम राष्ट्रपतिज्यूबाट महासंघ प्रतिनिधि मण्डललाई जिल्ला समन्वय समितिको समन्वय र अनुगमन गर्ने जिम्मेवारी प्रभावकारी रुपमा वहन गर्न निर्देशन गर्नुहुँदै जिल्ला समन्वय समितिहरु नेपालको भू-राजनीति र विविधतायुक्त सामाजिक परिवेशको सन्दर्भमा प्रदेश संगसंगै जिल्ला महत्वपूर्ण हुने भएर नै जिल्ला सभा र जिल्ला समन्वय समिति व्यवस्था गरिएको हो । यसलाई प्रभावकारी बनाउन जिल्ला समन्वय समितिहरुले समन्वयात्मक जिल्ला विकास अवधारणा कार्यान्वयनका लागि कार्य गर्नुका साथै तीनतहका सरकारका क्रियाकलापहरुको प्रभावकारी अनुगमन समेत गर्न आवश्यक भएकोले जिल्ला समन्वय समितिहरुलाई क्षमतावान बनाउन आवश्यक ऐन कानूनले सम्बोधन गर्न आफूले नेपाल सरकारलाई पनि निर्देशन दिनेछु भन्नुहुँदै आज उठेका विषय वस्तु मेरो नीजि सचिवालयमा जानकारी गराउनु होला भन्ने निर्देशन भए बमोजिम यो टिपोट तयार गरि राष्ट्रपति सचिवालयमा प्रेसित गरिएको थियो ।

उक्त भेटमा सहभागि हुनभएका महासंघका प्रतिनिधि मण्डल

| क्र.सं. | नाम | पद | प्रतिनिधित्व गर्ने जि.स.स. |
|---|---|---|---|
| १. | श्री राजन मेहता | अध्यक्ष | प्रमुख, सुनसरी |
| २. | श्री अशोक कुमार घिमिरे | महासचिव | प्रमुख, रसुवा |
| ३. | श्री दिपक कुमार गौतम | उपमहासचिव | प्रमुख, काभ्रेपलाञ्चोक |
| ४. | श्री सन्तोष बुधाथोकी | सदस्य | प्रमुख, काठमाण्डौं |
| ५. | श्री ऋषिदेव फुँयाल | सदस्य | प्रमुख, ललितपुर |
| ६. | श्री ईश्वर बहादुर थापा | सदस्य | प्रमुख, भक्तपुर |
| ७. | श्री ललित बहादुर कुँवर | सदस्य | प्रमुख, अछाम |

| | | | |
|---|---|---|---|
| ८. | श्री सुर्य बहादुर विष्ट | सदस्य | प्रमुख, बर्दिया |
| ९. | श्री कृष्ण प्रसाद निरौला | सदस्य | प्रमुख, सोलुखुम्बु |
| १०. | श्री बर्जुराम घतानी | सदस्य | प्रमुख, दोलखा |
| ११. | श्री खगेन्द्र सिंह धामी | सदस्य | प्रमुख, बैतडी |

| | | | |
|---|---|---|---|
| १२. | श्री शान्ति पाण्डे | सदस्य | उपप्रमुख, काठमाण्डौ |
| १३. | श्री सुजाता वादे (वैद्य) | सदस्य | उपप्रमुख, भक्तपुर |
| १४. | श्री कृष्ण चन्द्र न्यौपाने | महानिर्देशक | जि.स.स. महासंघ नेपाल |
| १५. | श्री योगेन्द्र कार्की, १६. प्रचन्ड ..... | | |

# जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट राष्ट्रिय विकास समस्या समाधान समितिको ५०औं बैठकमा प्रस्तुती

सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)को अध्यक्षतामा गत आर्थिक वर्ष २०७८/७९ मा संचालित विकास आयोजना/कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा तथा चालु आर्थिक वर्ष २०७९/८० मा संचालित विकास आयोजना/कार्यक्रमहरुको अर्ध वार्षिक प्रगति समिक्षाको राष्ट्रिय विकास समस्या समाधान समितिको ५०औं बैठक मिति २०७९ चैत्र २३ गते, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सभाकक्ष, सिंहदरबारमा सम्पन्न भयो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले अर्थतन्त्रका संरचनागत समस्या समाधान गर्न अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई कार्ययोजना बनाउन निर्देशन दिनुभएको थियो भने बाहय क्षेत्र सन्तुलनका लागि निर्यात प्रवर्द्धन गर्ने र आयात व्यवस्थापन गर्ने रणनीति तयार गरी कार्यान्वयनमा ल्याउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई र औद्योगिक क्षेत्रको विकास र उद्योग सञ्चालनमा सहज वातावरण निर्माण गर्न जरुरी रहेको भन्दै निजी क्षेत्रलाई लगानी योग्य साधन प्राप्तिमा कमी हुन नदिन वित्तीय क्षेत्र सुधार रणनीति तयार गरी कार्यान्वयनमा ल्याउन समेत निर्देशन दिएका थिए । अन्तरतह समन्वय गर्ने विषयमा केन्द्रले पहल गर्ने उनको प्रतिवद्धता छ । बजेट कार्यान्वयनको सम्बन्धमा मन्त्रालय र प्रदेश सरकारसँग समेत छलफल गरी अर्थ मन्त्रालयले प्रगति राम्रो भएका विकास आयोजनामा साधन-स्रोतको अभाव नहुने व्यवस्था मिलाउने बताएका थिए ।

केही आयोजनाहरुमा राम्रो प्रगति भए पनि वार्षिक बजेट र आयोजनाहरूको कार्यान्वयनमा यस आर्थिक वर्षको प्रथम ६ महिनामा आशातित लक्ष्य हासिल हुन नसकेको स्वीकार गरे । बैठकमा संघीय सरकारका मन्त्रीहरू, प्रदेशका मुख्यमन्त्रीहरू, महालेखा परीक्षक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त विभागका अध्यक्ष, नेपाल सरकारका मुख्यसचिव, नेपाल राष्ट्र बैंकका गभर्नर, जिल्ला समन्वय समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँपालिका महासंघ लगायतको उपस्थिति थियो । उक्त बैठकमा जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट र महानिर्देशक कृष्ण चन्द्र न्यौपानेले भाग लिनु भएको थियो । महासंघको तर्फबाट आफ्ना उपमहासचिव दिपक कुमार गौतम आफ्ना विषय राख्दै प्रस्तुति प्रस्तुत गरिएको थियो ।

१. जिल्लामा संचालित संघ प्रदेशका निकाय, आयोजनाहरुको तेस्रो पक्षको अनुगमन र मुल्यांकन जिल्ला समन्वय समितिले गर्ने प्रवन्ध काननी/नीतिगत प्रवन्ध हुनुपर्छ ।

२. जिल्लाभित्र संघ/प्रदेश वा स्थानीय तहले आयोजना गर्ने सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणमा जिल्ला समन्वय समितिको उपस्थिति अनिवार्य हुने प्रवन्ध हुनुपर्छ ।

३. जिल्ला भित्रका स्थानीय तह तथा संघ प्रदेशका कार्यालयको निरीक्षण परीक्षण तथा प्रतिवेदन संघ र प्रदेश मुख्य भूमिलाई मासिक रुपमा जाने संयन्त्र बनाइनु पर्छ ।

४. जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदनको आधारमा मात्र सम्बन्धित कार्यालय/आयोजनाले निर्माण व्यवसायीलाई भुक्तानी दिनु पर्छ ।

५. संघीय र प्रादेशिक सरकारी कार्यालय जिल्ला समन्वय समितिको छातामा रहने प्रवन्ध गरिनु पर्छ ।

६. विपद व्यवस्थापनको सम्बन्धमा तत्काल राहत उद्धारको जिम्मा स्थानीय प्रशासन र सुरक्षा निकायको हुने तर पुनरस्थापन/पुर्ण निर्माण तथा विकासका कार्यहरु जिल्ला समन्वय समितिको नेतृत्वमा रहने समितिले गर्ने र त्यसको प्रगति प्रतिवेदन जिल्ला सभामा प्रस्तुत गरि अनुमोदन गराई सम्बन्धित संघ/प्रदेश निकायमा पठाउने ।

७. जिल्लास्तरको सूचना केन्द्र जि.स.स.मा रहने र सबै स्थानीय तहले सूचना केन्द्रमा आफ्ना विकास, पंजिकरण तथा अन्य सेवा प्रवाह, सेवा विकास सम्बन्धी सूचना तथ्यांकलाई मासिक रुपमा अध्यावधिक विवरण जिल्ला सूचना केन्द्रमा पठाउने प्रवन्ध गर्ने ।

८. जिल्लामा कार्यरत गैर सरकारी तथा अन्य सामाजिक संघ संस्थाको कार्य सम्पादन कार्यक्रम स्वीकृती तथा सहजिकरण गर्ने जिल्ला कार्यक्रम सहजिकरण समितिको अध्यक्षता जिल्ला समन्वय समितिले गर्ने र नियमन तथा नविकरणको लागि सिफारिस गर्ने जिम्मेवारी दिनु पर्ने ।

९. वित्तिय आयोगले सम्बन्धित पालिकामा पठाउने अनुदानको रकमको आधारमा अनुगमन मूल्यांकन प्रतिवेदनका लागि जिल्ला समन्वय समितिलाई कूल (रकमको ३% (तीन प्रतिशत)) रकम उपलब्ध गराउन संघ र प्रदेशलाई सिफारिस गर्ने र सो बमोजिम जिल्ला समन्वय समितिले खर्च गर्न पाउने गरी जिल्ला समन्वय समिति कोषमा रकम निकासा हुनु पर्ने ।

१०. जिल्ला समन्वय समितिले प्रत्येक चौमासिक कार्य सम्पादन समिक्षा बैठक आयोजना गर्ने र जिल्ला सभाका निर्णय कार्यान्वयन तथा निर्देशन दिन सक्ने प्रावधान राख्ने ।

११. जिल्ला स्थित सामाजिक सेवाका गतिविधी र शान्ति सुरक्षा विचको समन्वयका लागि जिल्ला समन्वय समितिले मासिक रुपमा विषयगत समितिको बैठक क्रमागत राख्न सबै पालिकामा पालैपालो गर्ने र निर्णय, निर्देशन दिन सक्ने प्रवन्ध नीतिगत गर्ने ।

१२. जिल्लाहरुमा आवश्यक प्रशासनिक र प्राविधिक जनशक्ति अभावका कारण योजना अनुगमन र कार्यसम्पादनमा अपेक्षित नतिजा हासिल गर्न नसकिएको । प्रदेश सरकारहरुले (कोशी प्रदेशले ऐन बनाएको बजेट कार्यक्रम नदिएको र बागमती प्रदेशले नियमावली बनाई जि.स.स.लाई परिचालन गरेको बाहेक)ले जि.स.स. परिचालन सम्बन्धी ऐन कानुन तथा कार्यविधी नबनाएका कारण संघबाट जिल्लामा प्राप्त हुने प्रशासनिक तथा अनुगमन खर्च न्यून भएकोले पालिकाहरुको जिल्ला भित्र संचालित योजना अनुगमन सुपरिवेक्षण तथा कार्य सम्पादनमा जतिलता भएकोले आवश्यक जनशक्ति (प्राविधिक इन्जिनीयर सहित) आवश्यक बजेट विनियोजन गर्न आगामी बजेटमा समावेश गरियोस ।

१३. जि.स.स.हरुको न्यून आन्तरिक आय पनि जिल्ला सभा कोषमा जम्मा हुने तर खर्च गर्न नपाईने अवस्था रहेकोले सो रकम सहित संघ

तथा प्रदेशबाट थप बजेटको व्यवस्था गरि अनुगमन, समन्वय र क्षमता विकास जस्ता कार्यमा खर्च गर्न पाउने व्यवस्था हुनुपर्ने ।

१४. प्रदेश, संघले संचालन गरेका योजना कार्यक्रम आयोजनाको विवरण जिल्ला समन्वय समितिमा उपलब्ध नगराईदा अनुगमन र समन्वयमा कठिनाई ।

१५. संघीय तथा प्रदेश मन्त्रालयले आफ्ना मातहतका कार्यालयहरुलाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८५ बमोजिम जि.स.स.सँग समन्वय गरी नीति, कार्यक्रम, योजना संचालन गर्नुहुन भनी निर्देशन सहित परिपत्र गर्नुपर्ने ।

१६. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०५ मा साविकमा रहेको प्रदेश समन्वय परिषद्मा जिल्ला समन्वय समिति प्रमुखहरु सबै सदस्य रहने गरी प्रतिनिधित्व भै आइरहेकोमा उक्त दफा संघ प्रदेश तथा स्थानीय तह समन्वय ऐन आएपछि खारेज हुँदा जिल्ला समन्वय समिति प्रमुखको प्रतिनिधित्व हुन नसकेको कारण विकासका नीति कार्यक्रम योजना कार्यान्वयनमा हुनुपर्ने समन्वय नभएकोले पुनः सदस्य रहने व्यवस्था गर्नुपर्ने ।

# दिगो विकास लक्ष्य निर्देशक समितिको बैठकमा जिल्ला समन्वय समिति महासंघ नेपालको सहभागिता



२०७८ चैत्र २४ गते, नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन र चुनौती विषयमा राष्ट्रिय योजना आयोगद्वारा आयोजित सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय निर्देशक समितिको बैठकमा जिल्ला समन्वय समिति महासंघ नेपालको प्रतिनिधित्व महानिर्देशक कृष्ण चन्द्र न्यौपानेले गर्नु भएको थियो । उक्त राष्ट्रिय निर्देशक समितिमा जिल्ला समन्वय समिति महासंघ नेपाल सदस्य छन् । बैठकमा राष्ट्रिय योजना आयोगका सचिवले दिगो विकास लक्ष्यको कार्यान्वयनको समग्र अवस्था प्रगति र चुनौती बारे प्रस्तुत गर्नुभएपछि बोल्ने क्रममा महासंधको तर्फबाट दिगो विकास लक्ष्यका निर्धारित सूचकहरु आन्तरिकीकरण र संस्थागत गर्न र स्थानीयकरण गर्न चुनौती रहेको भन्ने सम्बन्धमा जिल्ला समन्वय समिति महासंघ नेपालले राष्ट्रिय योजना आयोगसंगको समन्वयमा काम गर्ने संयन्त्रको प्रस्ताव गरेको थियो । स्थानीय तहलाई दिगो विकास लक्ष्य बारे जानकारी गराउनुका साथै सन् २०३० सम्म राष्ट्रिय लक्ष्यमा पुग्न जिल्ला भित्रका स्थानीय तहहरुले कुन लक्ष्यका कुन सूचकलाई प्राथमिकता राखी वार्षिक निती तयार गर्ने । कार्यक्रममा समावेश गर्ने । आवश्यक बजेट विनीयोजन गर्ने प्रवन्धका लागि सहजिकरण गर्ने भरपर्दो संयन्त्र जिल्ला समन्वय समिति हुने कुरा प्रस्तुत गरियो । स्थानीय तहका संघ महासंघले सन् २०२० को स्वेच्छिक राष्ट्रिय कार्य सम्पादन प्रतिवेदन (VNR) बनाउन योगदान दिएको तथा United Cities of Local Governance (UCLG)को सहयोगमा नेपालमा दिगो विकास लक्ष्य स्थानीयकरण गर्ने विषयमा अध्ययन भएको र उक्त अध्ययनले सुझाएको विषयबारे राष्ट्रिय योजना आयोगलाई जानकारी गराएको थियो ।

प्रस्तुतीको क्रममा सन् २०१८ मा सिन्धुपाल्चोको गुफाडाँडा (मेलम्ची नगरपालिकाको वडा नं. ८)मा प्रथम जलवायु सम्मेलनको आयोजना गरी पर्वतिय जलवायुको अवस्थाले वातावरण परिवर्त र त्यसका जोखिम न्यूनिकरणका उपायबारे प्रचार प्रसार गर्ने कार्य गरेको उदाहरण प्रस्तुत गर्दै आगामी दिनमा दिगो विकास लक्ष्य कार्यान्वयनको भरपर्दो संयन्त्र जिल्ला समन्वय समिति हुने सुझाव दिंदै नेपाल सरकारसंग महासंघ सहकार्य गर्न तयार रहेको जानकारी गराईएको थियो ।

उक्त बैठकले राष्ट्रिय निर्देशक समितिको कार्य विवरण (ToR) स्वीकृत गरेको थियो । जस अनुसार :

क) दिगो विकास लक्ष्य कार्यान्वयनको समग्र अनुगमन गरी आवश्यक निर्देशन दिने ।

ख) दिगो विकास लक्ष्य कार्यान्वयनको लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोत व्यवस्थापनको सहजीकरण गर्ने ।

ग) दिगो विकास लक्ष्य कार्यान्वयन तथा अनुगमन समितिको तर्फबाट समग्र कार्यान्वयन प्रक्रिया सम्बन्धमा प्रतिवेदन प्राप्त गर्ने ।

घ) दिगो विकास लक्ष्य कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तह तथा निजी क्षेत्र र अन्य सरोकारवालालाई आवश्यक रणनीति बनाई कार्यान्वयन गर्न निर्देशन र सहजीकरण गर्ने ।

ङ) दिगो विकास लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरण गर्न मार्ग दर्शन गर्ने ।

च) दिगो विकास लक्ष कार्यान्वयन र अनुगमन तथा मूल्यांकन एवं प्रतिवेदनका लागि आवश्यक नीति निर्माणमा निर्देशन र सहजीकरणन गर्ने ।




# खोटाङ् जिल्लाको सन्तुलित बिकास र समृद्धि बिषयक सङ्गोष्ठी




२०७९ चैत्र २४, जिल्ला समन्वय समिति खोटाङ्को आयोजनामा खोटाङ्को सन्तुलित बिकास र समृद्धि बिषयक सङ्गोष्ठी जिल्ला समन्वय समितिका खोटाङ्का प्रमुख सन बहादुर राईको अध्यक्षतामा प्रमुख अतिथिमा प्रमुख जिल्ला अधिकारी, सुर प्रसाद सेढाँई, प्र.ना.उ. मन्जिल मुकारुमको उपस्थितिमा सफलतापूर्वक सम्पन्न भएको छ ।

गोष्ठीमा दुई नगरपालिका र ८ गाउँपालिकाका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र प्रशाकीय प्रमुख, जिल्लामा क्रियाशिल पार्टीका जिल्ला अध्यक्षहरु, जिल्लामा रहेका विकास कार्यालय प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु र जिल्ला उद्योग वाणिज्य संघ लगायतका संस्थाहरुको प्रतिनिधित्व गरेका थिए भने सङगोष्ठीको सहजीकरण नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. धन प्रसाद सुवेदी, प्रास सदस्य डा. मधुसुदन गिरी, अर्थविद डा. हार्ट रोका, शिक्षा विद डा. तोयानाथ खनाल, त्रिभुवन विश्वविद्यालयको प्राध्यापक डा. तारामणि राई, वनस्पती विद परशु विराट राई र स्वास्थ्य विद जीवन चौलागाँईले सहजीकरण गर्नु भएको थियो । गोष्ठिको विषयहरुमा स्थानीय अर्थतन्त्रको सवलीकरण र विकास, विद्यालयका शिक्षामा सुधारका उपायहरु, स्थानीय कला साहित्यको विकास, मातृभाषाको संरक्षण र सम्बर्द्धन, रैथाने ज्ञान र सीपको विकास र स्वास्थ्य र खोपको महत्वबारे सहजकर्ताहरुले बृहत रुपमा प्रकास पारेका छन् । गोष्ठले स्थानीय तहका पदाधिकारीहरु आ-आफ्नो पालिकामा यि विषयहरु समेटिने र योजनामा अनिवार्य ससमटने र विकासमा सन्तुलन कायम गर्न यी विषयहरु अनिवार्य भएको स्वीकार गरे र कार्यन्वयनमा गइहाल्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहका पदाधिकारी र प्रशासकीय प्रमुखलाई क्षमता विकास गराउनु, स्थानीय तहको विकासमा सन्तुलन कायम गर्नु र सबै पालिका बीच आपसी सम्बन्ध स्थापित गर्न रहेको थियो भने कार्यक्रम उपलब्धीमूलक रहेको थियो ।

# ADCCN Participation in UCLG-ASPAC 2023 First Executive Bureau Meeting in Kathmandu




April 11–13, 2023, ADCCN is one of the founding members of UCLG-ASPAC since its establishment as ADCCN it was one of the institution of elected people representative for District Development in Nepal. It was the main center of development planning and implementation of projects through Municipalities and Rural Municipalities (earlier Village Development Committee). District Development Committee changed its role & function when Nepal Decleaved a federal democratic republic stable by promulgating new constitution from the constitutional assembly in 2015.

ADCCN changed its statue in 2018 after the local level election in 2017. The election was held for municipality (293) Rural Municipality (460) and District Coordination Committee (77). As federal structure (constitution as article 57) the state porver sharing provision made in three types government (the federal, province and local level). Considering Nepal's geo-physic and market development, public service centers and context of basic infrastructure and its best utilization of resources and assurance of public service delivery to the severing people within the framework fundamental rights of the people (There are 31 rights specified in constitution in article (6 to 47).

ADCCN got new leadership in January 2018 and aslo New government approved its statue (3rd amendment in 2018) that ADCCN changed its name by ADCCN and its role and function also focused on the changing role of district coordination committees of constitution provisioned there are 4 fundamental rights, role & responsibility of DCC (Article 220(7) of the constitutions) as

- For having constructive dialogue on the effective role of DCC in federal system.
- To explore the scope/coordination of DCC among Federal/ Provincial government and local level.
- For the performance improvement of the local, DCC's role for intergovernmental coordination and collaboration will be identified.
- Role of DCC in monitoring, quality assurance of the work performed by the local level and providing feedback for improvement.

Based on its new role in local level district council remained active but members (each local level mayor and deputy are ex-officio member of the cameral) district focused in this role than their rights of self-governance (as article 57 the rights specified in annex - 8). New executive of ADCCN takeover the legacy of ADCCN and confirmed its activities. Up keeping membership with UCLG-ASPAC was the priorities area for ADCCN to have international networking platform and knowledge exchange for the monitoring and mentoring development activities in local level.

ADCCN renewed its membership with UCLG and took part in activities. Being new leadership and secretariat also established by new staffs, there were many questions and enthusiasm to know about the UCLG its role and benefit to the local government; so ADCCN took time to learn it and participation as executive member, membership in thematic committees and also the contribution & leadership Secretariat took physical participation in exe-bureau of UCLG-ASPAC in Yiwu in 2019 just before the covid – 19 stented. Last two years there was no such event and from 2021 UCLG-ASPAC able to resume virtual meetings in zoom. ADCCN took participation in all mort all events. Meanwhile it joined maritime cooperation committee and HDP Nexus Committee and able to share and learn more about the thematic areas and importance of those committees in our arena of cooperation and friendship among local government and its associations.

ADCCN managed its strong participation and commitment of solidarity and contributed for the goodwill for the goodwill of UCLG world through UCLG-ASPAC, it was reflected in the world congress of UCLG work in Deajeon South Korea last December 11 – 15, 2022.

This time in April 11–13, 2023 ADCCN leadership (Newly elected) able to took part of two executive bureau meeting. There were 8 members in plenary and opeing and divided in other thematic committee meeting. Leadership realized the importance of the membership executive committee.

ADCCN participation in 21st Maritime cooperation committee by executive director general and its sharing was well recognized. ADCCN is support for the 1st silk road photography and short video completion among youth on the frame "cultural heritage in my city" by organizing there active participation of Nepali youths (34 creation submitted) and they also owned first & second prizes (certificate with cash) and two creation of photography bagged excellent award. ADCCN is thankful with committee, Fuzhou Municipal Government & UCLG-ASPAC secretariat for trust, support and motivation for our participation.

# जिल्ला समन्वय समिति खोटाङको सातौं जिल्ला सभा सम्पन्न




जिल्ला समन्वय समिति खोटाङ्का प्रमुख सन बहादुर राईज्यूको अध्यक्षतामा सातौँ जिल्ला सभा २०७८ चैत्र २५ गते सम्पन्न भएको छ । गोष्ठीमा प्रतिनिधि सभा सदस्य रामकुमार राई, प्रदेशसभा सदस्य पाँचकर्ण राई र जिल्लाका १० वटै पालिका प्रमुख, उपप्रमुख तथा प्रतिनिधिहरू तथा कर्मचारीहरुको उपस्थितिमा भएको थियो । जिल्लाका सबै पालिका जोड्ने सडक स्तरोन्नति तथा कालोपत्रे गर्न सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरेको छ । सम्पन्न सभाले पालिका जोड्ने सडक कालोपत्रे गर्न पहल गर्ने नीतिगत निर्णय गरेको हो । गोष्ठीमा गाउँसभाले अन्तर पालिका र अन्तर जिल्लाभित्रका योजना निर्माण सम्बन्धी १० बुँदे नीतिगत निर्णय गरेको छ । दिगो र सनतुलित विकास लक्ष्यलाई आधार मानेर योजना बनाउने, सामाजिक न्यायमा आधारित योजनाहरु निर्माण गर्ने, वातावरणमैत्री आयोजना निर्माण गर्ने, अधिकतम रोजगारी सृजना हुने बहुवर्षीय आयोजना सञ्चालन गर्ने, शिक्षामा भएको लगानीलाई ब्यवस्थित र वस्तुगत योजना बनाई गुणस्तर बृद्धि हुने खालको योजना बनाउने नीति तथा कार्यक्रम पारित भई विभिन्न निर्णयहरु गरेका छन् ।

- जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राईले जिल्ला सदरमुकाम दिक्तेलबाट सबै पालिका केन्ऽसम्म जोड्ने सडकहरू दिक्तेल-साप्सुखोला-मात्तिम-टेम्मा-याम्खा-पञ्चमी-रोक्सिङ-खोटाङवजार हुँदै चिसापानी-मौवावोटे-बंशीलासम्मको सडक खण्डको स्तरोन्नति तथा कालोपत्रे गर्नको लागि सम्बन्धित मन्त्रालयमा पहल लिने, हुर्लुङ-जालपा-ऐसेलुखर्क सडक खण्ड कालोपत्रे गर्न माग गर्ने, जालपा-बाक्सिला सडक खण्डलाई कालोपत्रेको लागि माग गर्ने सोल्मा-पाथेका-फेदीसम्मको सडकलाई कालोपत्रेको लागि माग गर्ने निर्णय भयो ।

- धाप्लाङ - धर्तुङ - चिसापानी - डम्वर्खुसिवालय-भञ्ज्याङखर्क सडक कालोपत्रेको लागि माग गर्ने, रसुवा-सिम्पानी-इन्द्रेणी पोखरी-मुलडाँडा-पान्धारे सडक खण्ड कालोपत्रेको लागि माग गर्ने, साप्सुखोला - माने भन्ज्याङ-पान्धारे सडक ग्राभेल भई सकेको हुँदा कालोपत्रे गर्नकालागि माग गर्ने, खोटाङबजार - वाप्लुखा सावा - लिकुवा - पामाखाम भन्ज्याङ सडक स्तरोन्नतिको लागि माग गर्ने निर्णय भएको छ ।

- यस्तै, मध्यपहाडी राजमार्गअन्तर्गत जयरामघाट-हलेसी ८३५ कि.मी. सडक खण्डलाई मध्यपहाडी लोकमार्गको मापदण्डमा स्तरोन्नति गर्न सम्बन्धित मन्त्रालयमा माग गर्ने, मध्यपहाडी राजमार्गको सेखुवा-चखेवा खण्ड कालोपत्रेमा ढिलाइ भएकोले सम्बन्धित निकायमा पहल गर्ने, महुरे-फोक्सिङटार-गाईघाट-दिक्तेल सडक खण्डको आयोजना बेवारिसे अवस्थामा रहेकोले चाँडो सम्पन्न गराउन सम्बन्धित निकायमा पहल लिने निर्णय गरिएको छ । पूर्वाधार विकास कार्यालय, सडक डिभिजन कार्यालय, सघन सहरी विकास प्रदेश र स‹बाट सडक आयोजना कार्यालयहरू संघ र प्रदेशबाट सञ्चालित सडकहरू समयमा, गुणस्तरयुक्त रूपमा सम्पन्न गर्न सम्बन्धित निकायमा निर्देशन दिने निर्णय भएको छ ।

- जिल्लाभरि विद्युत सेवालाई गुणस्तरीय बनाउन विद्युत प्राधिकरणलाई माग गर्ने तथा जन्तेढुËI र बाँकी पालिकाको सेवा विस्तार नभएका स्थानमा तुरुन्त विद्युत प्रसारण लाइन पुर्याउन माग गर्ने निर्णय भएको छ । सबै पालिकामा आधारभूत अस्पताल पुर्याउने, नेपाल सरकारको नीति भएकोले निर्माण र सञ्चालन हुन बाँकी पालिकामा तुरुन्त अस्पताल निर्माण र सञ्चालनको लागि माग गर्ने, जिल्ला अस्पताल खोटाङ र बाँकी रहेका पालिकाको आधारभूत अस्पतालमा स्वास्थ्यकमीको आवासगृह निर्माणको लागि माग गर्ने लगायतका निर्णय गरिएको हो ।

यसै बीच, गाउँसभाले अन्तरपालिका र अन्तरजिल्लाभित्रका योजना निर्माण सम्बन्धी १० बुँदे नीतिगत निर्णय गरेको छ । दिगो र सन्तुलित विकास लक्ष्यलाई आधार मानेर योजना बनाउने, सामाजिक न्यायमा आधारित योजनाहरू निर्माण गर्ने, वातावरणमैत्री आयोजना निर्माण गर्ने, अधिकतम रोजगारी सिर्जना हुने बहुवर्षीय आयोजना सञ्चालन गर्ने, शिक्षामा भएको लगानीलाई ब्यवस्थित र वस्तुगत योजना बनाइ गुणस्तर वृद्धि हुने खालको योजना बनाउने नीति तथा कार्यक्रम पारित गरेको छ ।

श्रमशक्तिलाई दक्ष बनाउने, सिपयुक्त बनाउने आयोजना सञ्चालन गर्ने, भौगोलिक र सांस्कृतिक पर्यटनको प्रवर्द्धन हुने खालका आयोजना बनाउने, भौतिक पूर्वाधारहरू कम र सम्पन्न हुने खालका आयोजना छनौट गर्ने, कृषि उपजको बजार र वितरणमा आधारित योजनहरू निर्माण गर्ने र अधिकतम स्थानीय श्रम परिचालन हुने योजना बनाउने नीतिगत निर्णय गरिएको थियो ।

# ३२ वटा बुँदेको निर्णय गर्दै जिल्ला समन्वय समिति कास्कीको छैटौं जिल्ला सभा सम्पन्न

पोखरा, मिति २०७९।१२।१३ गते, जिल्ला समन्वय समिति कास्कीका प्रमुखको अध्यक्षतामा प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीको आतिथ्यतामा विशेष अतिथि जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्ति रमण वाग्ले, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, गण्की प्रदेशका गाउँपालिका महासंघका अध्यक्ष नवराज ओझा, प्रतिनिधि सभाका सदस्यद्वय विद्या भट्टराई र शिव नेपाली तथा जि.स.स. कास्कीका पदाधिकारी तथा कर्मचारीको उपस्थितिमा छैटौं जिल्ला सभा ३२ बुँदे प्रस्तावित कार्यक्रम तथा निर्णय गरी सम्पन्न भएको थियो । कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले गमलामा पानी दिएर गर्नुभएको थियो ।




उक्त जिल्ला सभाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तहबाट भईरहेका विकासका आयोजनाहरु, अन्य निर्माण कार्य, राष्ट्रिय गौरवका आयोजना र रुपान्तरणकारी आयोजनाहरुको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्न आवश्यक सहयोग गर्ने निर्णय गरेको छ । विपद्बाट उत्पन्न हुने जनधनको क्षेतीलाई न्यूनिकरण गर्न आवश्यक पूर्व तयारी, खोज तथा उद्धार र राहात व्यवस्थापन र पुनः निर्माणको कार्यलाई तिब्रता दिन स्थानिय तह सँग समन्वय गर्ने, जि.स.स.को मौजुदा कोष संचालन निर्देशिका २०७५ को कार्यान्वयन र निरन्तरता दिने, अनुगमन तथा मुल्यांकन कार्यलाई प्रभावकारी बनाउने, ढुंगा गिट्टी बालुवा उत्खनन् बिक्री तथा वितरण मपदण्डलाई कडाईका साथ लागु गर्ने र वातावरणिय प्रभाव मुल्याङ्कन गर्ने लगाएतका निर्णय भएको छ । त्यस्तै सभाले जि.स.स.लाई आवश्यक पर्ने कानुन संविधान बमोजिम प्रदेश सरकारले बनाउने भनिएको तर प्रदेश सरकारले कुनै ऐन कानुन नबनाईदिएकोले अबिलम्ब बनाउन प्रदेश सरकारलाई माग गर्ने निर्णय समेत गरेको छ ।

जिल्ला सभालाई सम्बोधन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले संविधानले कल्पना गरेको भन्दा बढी अधिकार कुनै पनि निकायले खोज्न नहुने बताउनुभयो । उहाँले जिल्ला समन्वय समिति सम्बन्धि कानुन के के बनाउन आवश्यक छ र त्यसमा के के व्यवस्था गर्नुपर्ने हो सुझाव दिन आग्रह गर्नुभयो । त्यसैगरि जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरवण वाग्लेले जिल्ला समन्वय समितिलाई भुमीका विहिन बनाएर कागजमा मात्र सीमित गराउने हो भने यसको कुनै औचित्य नहुने बताउनुभयो । संविधानले नै समितिको परिकल्पना गरेर पदाधिकारी तथा सदस्य बनेकाले यसलाई बलियो बनाउन राजनितिक दल र नेताहरु इमान्दार हुनुपर्ने धारण राख्नुभयो ।

जिल्ला सभाका अध्यक्ष तथा जिल्ला समन्वय प्रमुख लिलाधर पौडेलले प्रदेशले कानुन नबनाइदिंदा अनुगमन, सहजीकरण गर्ने कामले गति लिन नसकेको बताउनुभयो । उहाँले समन्वय समितिको दोस्रो कार्यकाल जारी भईरहदा समेत संविधान बमोजिमको अधिकार पाउनुपर्छ भन्दै जहाँ गएर पनि गुनासोमात्र गर्नुपरेको बताउनु भयो । यसका लागि सरकारले वेवास्ता गर्न नहुने धारणा राख्नुभयो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सबै जिल्ला समन्वय समितिले पालिकाको विकास र परिवर्तनका सवालमा समन्वय गरिदिनुपर्ने बताउनुभयो । गाउँपालिका राष्ट्रिय महासंघ गण्डकीका अध्यक्ष एवं रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले विकास निर्माणका काममा केन्द्र, प्रदेश र स्थानीय तहका समस्या समाधान गर्न जि.स.स.ले समन्वयकारी भुमीका खोल्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रतिनिधि सभाका सदस्यद्वय विद्या भट्टराई र शिव नेपालीले पालिकाहरुबीच समन्वय गर्ने जिल्ला समन्वय समितिले पनि आफ्नो औचित्य पुष्टि गर्न काम बाटै देखाउनपर्ने धारणा राख्नुभएको थियो ।

**छैठौं जिल्ला सभाः प्रस्तावित कार्यक्रमहरु र निर्णय**

**प्रस्ताव नं. १, विकास आयोजना तथा अन्य निर्माण कार्यमा सहजिकरण :**

निर्णय नं. १ः नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तहबाट भैरहेका विकास आयोजनाहरु तथा अन्य निर्माण कार्य राष्ट्रिय गौरवका आयोजना र रुपान्तकारी Game Changer आयोजनाहरुको निर्माण कार्य तोकिएको समय भित्रै सम्पन्न गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने र गुणस्तर कायम गर्न आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १, विकास ब्यवस्थापनमा सहयोग पुर्‍याउने**

निर्णय नं. २ः विपद्बाट उत्पन्न हुन सक्ने जनधनको क्षतीलाई न्यूनीकरण गर्न आवश्यक पूर्व तयारी, खोज तथा उद्दार, राहत ब्यवस्थापन र पुन निर्माणको कार्यमा सम्बन्धीत स्थानीय तहसँग समन्वय गरी आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३, जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका २०७५, को कार्यान्वयनको निरन्तरता सम्बन्धमा**

निर्णय नं. ३ः जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका २०७५ आ.व. ०७८/०७९ मा समेत कार्यान्वयन गरी निरन्तरता दिने निर्णय गरियो जिल्ला समन्वय समितिको कोषमा आर्थिक वर्ष ०७४/०७५ सम्मको आय वापत जिला विकास कोषमा जम्मा भएको मौज्दात कोषमा रहेको रकमबाट स्थानिय पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका २०७५ को अधिनमा रही स्थानिय तहबाट कार्यक्रम लिई कार्यक्रमको छनौट, बजेट बाँडफाँड भै स्थानीय तहसँग सम्झौता भै दायित्व सिर्जना भएका कार्यक्रमको निरन्तरता र थप कार्यक्रम छनौट गर्न आवश्यक कारबाही जिल्ला समन्वय समितिलाई काम कारवाही अगाडी बढाउन अनुरोध गर्ने ।

**प्रस्ताव नं. ४, अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा**

निर्णय नं. ४ः जिल्ला समन्वय समितिलाई संविधान, ऐन, कानुन र निर्देशिका बमोजिम प्राप्त अधिकारको परिधीभित्र रही विकास निर्माणका योजना, स्थानीय पूर्वाधार विकास कार्यक्रम, साझेदारीका योजना, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट संचालित विकासका आयोजना र योजनार कार्यक्रमहरुको प्रभावकारी अनुगमन र मुल्यांकन कार्यलाई

निरन्तरता दिने । यस सम्बन्धमा आवश्यक पर्ने दक्ष जनशक्ति, प्राविधिक जनशक्ति, प्राविधिक जनशक्तीको आवश्यकतानुसार सेवा लिई स्वीकृत अनुगमन टोली परिचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५, गैर सरकारी संस्थाहरुको प्रभावकारी अनुगमन गर्ने सम्बन्धमा**

निर्णय नं. ५ः जिल्लाभित्र संचालित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको काम कारबाहीलाई प्रभावकारी रुपमा अनुगमन गर्ने, वार्षिक समीक्षा गर्ने, DPAC meeting गर्ने कार्यलाई वस्तु निष्ट मुल्यांकनका आधारमा अगाडी बढाइने निर्णय गरियो ।

**प्रस्ताव नं. ६, स्थानीय तहको क्षमता विस्तारका कार्यक्रम संचालन गर्ने सम्बन्धमा**

निर्णय नं. ६ः स्थानीय तहका जनप्रतिनिधी, जिल्ला समन्वय समितिका पदाधिकारी र स्थानीय तहका कर्मचारीहरुको Capacity Buliding का कार्यक्रमहरुलाई अगाडी बढाइने र स्थानीय आर्थिक विकास कार्यक्रम LED लाई समन्वयात्मक ढंगले अगाडि बढाउने कार्यमा स्थानीय तहलाई सहयोग पुग्ने गरी तालिम सञ्चालन गर्ने ।

**प्रस्ताव नं. ७, ढुंगा, गिट्टी, वालुवा उत्खनन विक्री तथा ब्यस्थापन सम्बन्धी संघीय मापदण्ड २०७७ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय तहलाई आवश्यक सहयोग गर्ने ।**

निर्णय नं. ७ः ढुंगा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४९९० बमोजिम उत्खनन र संकलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका सर्त, ठेक्का, सर्त अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना स्थानीय तहहरुले गर्ने र दफा ९९१४० बमोजिम जिल्ला अनुगमन समितिलाई अनुगमन कार्यका लागि आवश्यक पर्ने प्रशासनिक खर्च सम्बन्धीत स्थानीय तहले नदीजन्य र खानीजन्य पदार्थको विक्री वितरणबाट उठेको विक्री वा शुल्क वापतको रकमको १५ रकम शिघ्र जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने । विगत वर्षका जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने स्थानीय तहबाट बाँकी रहेको रकम समेत यथाशिघ्र स्थानीय तहले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ः राष्ट्रियस्तरका विकासका प्राथमिकताहरु, स्थानीय आवश्यकता, जिल्लाभित्रका सम्भावना र चूनौतीहरुलाई मध्येनजर राख्दै जिल्लाभित्रका पालिकाहरु र जिल्लास्थित सबै सङ्घरप्रदेशका कार्यालयहरुको समेत सहभागितमा एकिकृत जिल्ला विकास रणनीति (IDS) तयार गर्ने, त्यस्तो रणनीतिलाई जिल्ला सभाबाट शैद्धान्तिक स्वीकृती दिने ।

निर्णय नं. ९ः सन्तुलित विकासको लागि गाउँ र सहरको बिच अन्तर सम्बन्ध Rural Urban Linkage स्थानीय तहहरु बिचको सहकार्य र प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशको प्राविधिक सहजीकरणमा अध्ययन अनुसन्धान अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १०ः विकास योजनाहरु र अन्य समसामयिक विषयहरुमा सहजीकरण गर्न जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा स्थानीय तहका प्रमुखज्यूहरु, प्रमुख जिल्ला अधिकारी, सम्बन्धित विषयका विषयगत प्रमुख, नागरिका समाज, गै.स.स., निजी क्षेत्र, पत्रकार लगायतको एक समिति गठन गरी आवश्यक नीति निर्माणमा सहयोग, समन्वय, अनुगमन र सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ः जिल्ला समन्वय समितिलाई आवश्यक पर्ने कानून प्रदेश सरकारले बनाउने संवैधानिक ब्यवस्था भए बमोजिम हालसम्म कतिपय विषयमा कानून नबनेकोले जिल्ला समन्वय समितिका काम कारवाहीहरु प्रभावित भइरहेको हुँदा समयमै आवश्यक कानून निर्माण गरिदिनुहुन कम्तीमा तत्काल निम्न ऐन कानुन निर्माण गरी दिनुहुन गण्डकी प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

क. गाउँपालिका र नगरपालिका बिच समन्वय, सहकार्य र सहजीकरण गर्नका लागि आवश्यक ऐन

ख. विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमनको लागि ऐन,

ग. गैर सरकारी संस्थाहरुबाट संचालित विकास निर्माण र अन्य कार्यक्रमको सम्बन्धमा अनुगमन गर्ने सम्वन्धी ऐन,

घ. स्थानीय तहका पदाधिकारीहरु सेवा शर्त सम्बन्धी ऐन र स्थानीय तह सभा संचालन सम्बन्धी ऐनको आवश्यकतानुसार संसोधन र परिमार्जन गर्ने ।

निर्णय नं. १२ः एक स्थानीय तहहरुले गरेका अनुकरणीय कामहरु अर्को स्थानीय तहलाई पृष्ठपोषण समेत हुने हुँदा उपलब्धीमूलक कामहरुको सार्वजनिक गर्ने । स्थानीय तहले आफ्नो नीति कार्यक्रम र नवप्रवर्तन रुपमा गरेका काम कारवाहीको सूचकांकको आधारमामूल्यांकन गरी उत्कृष्ट स्थानीय तहलाई सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ः राष्ट्रिय जनगणना २०७८ ले जनगणनाको अन्तिम नतिजा विश्लेषण गरी सार्वजनिक गरिएको सन्दर्भमा स्थानीय तहहरुको सहयोगमा मानव विकास सूचकाङ्क (HDI) एवं गरिबी नक्साङ्कन समेटेर जिल्लागत प्रोफाइल तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ः जिल्ला समन्वय समितिको अन्य स्रोतबाट प्राप्त आन्तरिक आम्दानीको रकम आ.व. ०७५/०७६ देखि मौज्दात कोषमा रहेकोले उक्त रकम समानुपातिक विकास निर्माणका कार्यमा सहयोग पुर्‍याउन विपद् ब्यवस्थापनमा सहयोग पुर्याउन, सामाजिक उत्तरदायित्वका कार्यहरु गर्ने । समन्वय समितिका बैठकबाट निर्णय भए बमोजिम खर्च गर्ने अख्तियारीको लागि आवश्यक ब्यवस्था मिलाइदिन संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ः साविक जिल्ला विकास समितिले ढुंगा, वालुवा ढुवानीको ठेक्का सम्झौता गरिएका ठेकेदारहरुले अझैपनि ठेक्का वापतको राजश्व रकम र सो को वक्यौता रकम नबुझाएको अवस्था रही रहेकोमा त्यस्ता ठेकेदारहरुले बक्यौता रकम बुझाउन आएमा रेकर्ड हेरी साविक जिल्ला विकास समितिले रकम बुझाउन आउन ताकेता गरेको अन्तिम पत्रको मितिमा उल्लेखित रकमबाट सरकारी ब्याज रकम कायम गरी राजश्व वक्यौता रकमको साँवा ब्याज असुली उपर गर्ने । यस्ता प्रकृतिका ठेकेदारहरुको राजश्व वक्यौता रकम के कती बाँकी रहेको छरु रेकर्ड हेरी खोजी गरी बुझाउन आउन सम्बन्धितलाई पत्राचार गरी २०८० आषाढ मसान्तसम्म रकम बुझाउन आउनेलाई जरीवाना रकमको ५०५ रकम छुट दिने ।

निर्णय नं. १६ः जिल्ला समन्वय समितिलाई जिल्ला सूचना तथा अभिलेख केन्द्रको रुपमा विकास गर्ने ।

निर्णय नं. १७ः जिल्ला समन्वय समितिको कार्यालयलाई प्रभावकारी रुपमा संचालन गर्न कार्यालयमा सूचना प्रविधी अधिकृत IT Officer, वातावरणीय प्रभाव मुल्यांकनको लागि वन तथा वातावरण विज्ञ र कम्प्युटर अपरेटरको दरवन्दी थप गर्न संघीय सरकारलाई अनुरोध गर्ने ।

निर्णय नं. १८ः वातावरणीय प्रभाव मुल्यांकन IEE गर्ने अधिकार कानुनद्धारा नै जिल्ला समन्वय समितिलाई दिन संघीय सरकारलाई अनुरोध गर्ने ।

निर्णय नं. १९ः जिल्ला समन्वय समितिको बैठकबाट पारित भै जिल्ला सभामा पेश भएका निम्न कार्यविधी सभामा पेश भै स्वीकृत गरियो ।

(१) समन्वय कार्यविधी २०७९,

(२) नदी तथा खानीजन्य पदार्थ उत्खनन विक्री वितरण एवं निकासी र क्रसर संचालनको नियमन सम्बन्धी कार्यविधी, २०७९ ।

निर्णय नं. २०ः मानसिक अस्पताल स्थापनाको लागी पहल गर्ने ।

कास्की जिल्लामा मात्र नभई गण्डकी प्रदेशभरी मानसिक रोगीको संख्या बढ्दै गएकोले समाजमा सामाजिक समस्याको रुपमा मानसिक रोग रही आएको छ । यस रोगको निदान शुरूमै गर्न मानसिक रोगीहरूको पहिचान गरी उपचार गर्न गण्डकी प्रदेशको राजधानी पोखरामा एक मानसिक अस्पतालको स्थापना गर्न सङ्घीय सरकार र प्रदेश सरकारमा अनुरोध गर्ने ।

निर्णय नं. २१ः पुनस्थापना केन्द्र सञ्चालनार्थ सहयोग पर्याउने ।

लैङ्गिक हिंसा, यातनाबाट पीडित पक्षहरूको उपचारको कानूनी पैरवी र आश्रय दिनको लागि कास्की जिल्लामा पोखरा - ३३ मा प्रदेश सरकार, पोखरा महानगरपालिका समेतको सहयोगमा निर्माणाधिन भवनलाई सेफ हाउस (safe house) र पुनस्थापना केन्द्रको रूपमा सञ्चालनको लागी स्थानीय तह, प्रदेश सरकारसँग समन्वय गरी पहल गर्ने ।

निर्णय नं. २२ः संरक्षित फेवा जलाधार क्षेत्रको ब्यवस्थापकिय कार्ययोजनाको कार्यान्वयनमा समन्वय र सहयोग पुयाउने र फेवातालको जलाधार क्षेत्रलाई सौन्दर्यकरण गर्न संघ, प्रदेश र स्थानीय तहमा सहयोग र समन्वय गर्ने ।

निर्णय नं. २३ः हवाई सम्पर्क जोड्न पहल गर्ने ।

कास्कीको सदरमुकाम पोखरामा रहेको अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपालका सातै प्रदेश र छिमेकी राष्ट्र भारत र चीनका ब्यापारिक र पर्यटकीय शहरसँग सिधै हवाई उडान सम्बन्ध कायम गरी पर्यटकलाई भित्राउन र ब्यापारलाई विकेन्द्रीकरण गर्न सहयोग पुयाउने ।

निर्णय नं. २४ः फेवा बाँधको पुनर्निर्माणमा पहल गर्ने ।

फेवातालको ड्यमासाईड पादीमा बनाइएको बाँध अत्यन्त जिर्ण र कमजोर भएको कारण जोखिम अवस्थामा रहेको र कुनै पनि बेला बाँध भत्किन गई मानवीय र भौतिक क्षती हुनसक्ने जोखिम पक्ष देखिएकोले फेवा बाँधको पुनर्निमार्णको लागी संघीय सरकार र प्रदेश सरकार समक्ष पहल गर्ने ।

निर्णय नं. २५ः सडक पूर्वाधार निर्माणमा समन्वय, सहयोग र सहजीकरण गर्न पहल गर्ने ।

त्रिवेणी-कोरली राजमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग, पोखरा मुग्लिन राजमार्गको पश्चिम खण्ड, सिद्धार्थ राजमार्गको विस्तार र स्तरोन्नतीको क्रममा कास्की खण्डमा निर्माण कार्य समयमानै गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न पहल गर्ने ।

निर्णय न. २६ः विवाद समाधानार्थ पहल गर्ने ।

स्थानीय तहहरूमा देखिएका प्राकृतिक स्रोतहरूको उपयोग, पालिकाहरूको सिमा निर्धारण जस्ता विषयहरूमा पर्न सक्ने विवादलाई भद्र सहमतिको आधारमा विवाद समाधानार्थ पहल गर्ने ।

निर्णय नं. २७ः साझा अधिकारका सूचीलाई वृस्ततीकरण गर्न संघीय सरकारलाई अनुरोध गर्ने ।

साझा अधिकारको सूचीमा रहेका विषयलाई स्पष्ट रेखाङ्कन गरी तीनै तहको स्पष्ट क्षेत्राधिकार तोकी जिम्मेवारी कार्यक्षेत्र ऐनद्वारा नै तोक्न संघीय सरकारलाई अनुरोध गर्ने ।

निर्णय नं. २८ः सार्वजनिक खरिद नियमावली संशोधन सम्बन्धमा ।

नेपाल विकासन्मुख राष्ट्रबाट विकसित राष्ट्रमा स्तरोन्नती गर्ने क्रममा विकासका पूर्वाधारहरू समयमानै निर्माण गर्नको लागी योजना छनौट, स्वीकृती, टेण्डर प्रक्रिया, निर्माण सम्पन्न समय तालिकाको निर्धारण गरी काम सम्पन्न गर्न गराउन र काम नगर्ने निर्माण ब्यावसायीको ठेक्का रद्द गर्न सक्ने कानूनी अधिकारसहित समय सापेक्ष अनुसार सार्वजनिक खरिद नियमावली संशोधन गर्न सङ्घीय सरकारलाई अनुरोध गर्ने ।

निर्णय नं. २९ः उद्योग ब्यवसायमा महिला सहभागीता बढाउने ।

जनसङ्ख्या ५१% भन्दा बढी महिला रहेको अवस्थामा उद्योग तथा औद्योगिककरणमा महिलाको सहभागीता न्यून देखिएको सीप, पुंजीमा सहयोग र प्रोत्साहन गरी महिला उद्यमीहरूलाई उद्योग क्षेत्रमा स्थापित गराउन पहल गर्ने ।

निर्णय नं. ३०ः बालबालिकाको सहभागीता बढाउने ।

जिल्ला बालकल्याण, गाउँ तथा नगरका बाल क्लब समूह गठन गर्न लागाई आवश्य नीति, कार्यक्रम र बजेटको ब्यवस्था गरी बालबालिकाको हक, हित, संरक्षण र सम्बर्द्धनमा सहयोग पुयाउने बालक्लब गठनमा पुन सक्रियता देखाउन सामाजिक विकास मन्त्रालय माफर्त पहल अगाडी बढाउने ।

निर्णय नं. ३१ः भौतिक संरचना निर्माण कार्यलाई अपाङ्गता र जेष्ठ नागरिकमैत्री बनाउन पहल गर्ने ।


सरकारी तथा सार्वजनिक संरचनाहरू अपाङ्ग तथा जेष्ठ नागरिकमैत्री नबनेको कारण राज्यका सेवा सुविधाबाट बञ्चित हुन परेको ब्यापक गुनासोलाई सम्बोधन गर्न निर्माणाधिन पूर्वाधारहरू अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री बनाउन सङ्घ, प्रदेश सरकार र स्थानीय तहलाई अनुरोध गर्ने ।

निर्णय नं. ३२ः पर्यटकीय पदमार्ग र ऐतिहासिक पौराणिक सम्पदाको जगेर्ना गर्ने सम्बन्धमा ।

विकास निर्माणका आयोजनाहरू सञ्चालन गर्न, पूर्वाधारहरू निर्माण गर्ने क्रममा पर्यटकीय पदमार्ग र ऐतिहासिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्दै वैकल्पिक ब्यवस्थाको माध्यमबाट पदमार्गहरूको संरक्षण गर्न संघ, प्रदेश सरकार र स्थानीय तहलाई अनुरोध गर्ने ।

# शोक प्रकट

*जिल्ला समन्वय समिति कालिकोटका सदस्य, श्री काली बहादुर वि.क.ज्यूको यहि मिति २०८० साल वैशाख २ गते शनिबारका दिन आफ्नै घर नजिकै तिलागुफा नगरपालिका वडा नं १, तिला नदिमा खसेर बेपत्ता भएको खबरले जिल्ला समन्वय समिति महासंघ नेपाल स्तब्ध भएका छौं । यस दुखद, अकल्पनिय दुर्घटनाबाट जिल्ला समन्वय समिति कालीकोटमा हुन गएको अपुरणिय क्षतिले सिंगो समन्वय परिवारलाई मर्माहत बनाएको छ । यस दुखद घडिमा जि.स.स. कालिकोट लगायत समस्त शोकाकुल परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दै, दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं ।*



स्व. काली बहादुर वि.क.
२०८०।०१।०२

श्री राजन मेहता, अध्यक्ष
जिल्ला समन्वय समिति महासंघ नेपाल परिवार ।

# जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेशको

# शपथ ग्रहण कार्यक्रम




जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेशका नव निर्वाचित पदाधिकारीहरुको शपथग्रहण कार्यक्रम २०७८ चैत्र ११ गते विरेन्द्रनगर, सुर्खेतमा सम्पन्न भयो । जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेशका अध्यक्ष एवं मुगु जिल्ला समन्वय समितिका प्रमुख मञ्जन बहादुर कार्कीज्यूको अध्यक्षतामा प्रमुख अतिथि कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय राजकुमार शर्माज्यूले कार्यक्रम उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा विशेष अतिथि जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष राजन मेहता, महासचिव अशोक कुमार घिमिरे, उप-महासचिव दिपक कुमार गौतम र कोषाध्यक्ष सन बहादुर राई र नव निर्वाचित दश वटै जिल्लाका पदाधिकारीहरुको उपस्थितिमा सम्पन्न भएको थियो ।

जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष राजन मेहताले शपथ ग्रहण गराउनु भई प्रमाणपत्र दिनुभएको थियो ।

जिल्ला समन्वय समिति महासंघ नेपालबाट जानुभएका टोलीलाई सुर्खेतको ऐतिहासिक काँक्रेविहार लगायतका विभिन्न ठाउँहरुको समेत भ्रमण गराउनु भएको थियो । शपथ ग्रहण तथा प्रमाणपत्र लिनुहुने नव निर्वाचित पदाधिकारीहरुः

## कर्णाली प्रदेश

| क्र. सं. | नाम थर | जि.स.स.मा रहेको पद | प्रतिनिधित्व गर्ने जि.स.स. | निर्वाचित पद | पार्टी | सम्पर्क मो. नं. |
|---|---|---|---|---|---|---|
| १. | श्री मन्जन बहादुर कार्की | प्रमुख | मुगु | अध्यक्ष | नेपाली कांग्रेस | ९८४१३३२८०७ |
| २. | श्री शिव राज शर्मा | प्रमुख | हुम्ला | उपाध्यक्ष | नेकपा एकिकृत समाजवादी | ९८५१२२७०१४ |
| ३. | श्री दलु फडेरा | उपप्रमुख | हुम्ला | सचिव | नेकपा माओवादी केन्द्र | ९८४८३१८३८१ |
| ४. | श्री केशव बहादुर शाही | उपप्रमुख | दैलेख | उप सचिव | नेकपा एमाले | ९८५८०४०४११ |
| ५. | श्री कालि बहादुर खत्री | प्रमुख | जाजरकोट | कोषाध्यक्ष | नेपाली कांग्रेस | ९८४२६६४५३६ |
| ६. | श्री सरिता रावल | सदस्य | हुम्ला | सदस्य | नेपाली कांग्रेस | ९८४८३१७०७५ |
| ७. | श्री बेलाराम रावल | प्रमुख | सल्यान | सदस्य | नेपाली कांग्रेस | ९८५७८२२१३९ |
| ८. | श्री लग्नमाया भण्डारी बुढा | सदस्य | जुम्ला | सदस्य | नेपाली कांग्रेस | ९८६२५२३४३८ |
| ९. | श्री हिराकुमारी शाह चन्द | सदस्य | सल्यान | सदस्य | नेपाली कांग्रेस | ९८६४९८७८२१ |
| १०. | श्री चन्दा कुमारी धामी | सदस्य | सुर्खेत | सदस्य | नेकपा एमाले | ९८४८०४७७७८ |
| ११. | श्री विन्दु पुन | सदस्य | सल्यान | सदस्य | नेकपा माओवादी केन्द्र | ९८६३११८००५ |
| १२. | श्री सचिन कुमार बढुवाल | उपप्रमुख | सुर्खेत | सदस्य | नेकपा माओवादी केन्द्र | ९८४४८१३०९४ |
| १३. | श्री मिना रावत विश्वकर्मा | उपप्रमुख | कालिकोट | सदस्य | नेकपा माओवादी केन्द्र | ९८६५५७६१५१ |
| १४. | श्री कविता कुमारी गिरी | सदस्य | दैलेख | सदस्य | नेकपा एकिकृत समाजवादी | ९८६३४८८६४१ |

# जिल्ला समन्वय समितिका जन प्रतिनिधिलाई अभिमुखिकरण तालिम

२०७९ चैत्र ७, पोखरा, जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिको समन्वय र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा गण्डकी प्रदेशका जिल्ला समन्वय समिति पदाधिकारी र सदस्यहरुको लागि आयोजित एक दिने अभिमुखिकरण तालिम सोमबार पोखरामा सम्पन्न भएको छ । सो अभिमुखिकरण कार्यक्रमको प्रमुख अथिति गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले समुद्घाटन गर्नुभएको थियो ।



उद्घाटन गर्दै मुख्यमन्त्री अधिकारीले तीन तहका सरकार बिच समन्वय गर्ने उद्देश्यले स्थापित जिल्ला समन्वय समितिलाइ संविधानले दिएका दायरा भित्र रहि प्रभावकारी काम गर्न अभिमुखिकरण फलदायी हुने उल्लेख गर्नुभयो । र प्रदेश सरकारले समन्वय समितिका काम प्रभावकारी बनाउन प्रदेश सरकारले गर्नुपर्ने कानुन निर्माण लगायतका बिषयमा सरकार सक्रियताले लाग्ने बताउनु भयो ।

जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेशका अध्यक्ष लिलाधर पौडेलले अनुगमन र समन्वयका काम प्रभावकारी रुपले सम्पन्न गर्न अभिमुखिकरण आयोजना गरिएको भन्दै दक्षता बढाउन सहयोगी हुने बिश्वाश व्यक्त गर्नुभयो । गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रबिलाल पन्थले समन्वय संरचना जिवन्त र कार्य बाताबरण सहज बनाउन विभिन्न समयमा अभिमुखिकरण आबश्यक हुने बताउनु भयो ।

"जिल्ला समन्वय समितिको अधिकार, भूमिका र जिम्मेवारी" बिषयक एक दिने अभिमुखिकरण कार्यक्रममा नेपाल सरकारका पूर्व मुख्य सचिव सोमलाल सुबेदी र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले सहजीकरण गर्नु भएको थियो । कार्यक्रमको पहिलो चरणमा गण्डकी प्रदेशका एघार जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र दुई जना सदस्य गरि करिब ५० जनाको सहभागिता रहेको जनाइएको छ । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रको संचालन प्रतिष्ठानका शाखा अधिकृत बाबुराम न्यौपानेले गर्नुभएको जिल्ला समन्वय समिति महासंघ गण्डकीले जनाएको छ ।



# जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिको सपथ ग्रहण सम्पन्न




२०७९ चैत ५, पोखरा, जिल्ला समन्वय समिति महासंघ नेपालको चौथो राष्ट्रिय परिषद बैठकबाट निर्बाचित जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिको पदाधिकारीहरुको सपथ ग्रहण तथा प्रमाणपत्र वितरण कार्यक्रम २०७८ चैत्र ५ गते जिल्ला समन्वय समिति कास्कीको सभाहलमा सम्पन्न भएको छ । गण्डकी प्रदेश समितिका अध्यक्ष (जि.स.स. कास्कीका प्रमुख) लिलाधर पौडेलले निर्वाचित पदाधिकारी र सदस्यहरूलाइ सपथ ग्रहण गराउनु भएको थियो । कार्यक्रममा अध्यक्ष पौडेलले गण्डकी प्रदेशका जिल्ला समन्वय समितिहरू सक्रियताका साथ संविधानले तोकेको अधिकार प्रयोग गर्दै गुणस्तरीय परिणाम निस्कने गरि काममा उत्रन आग्रह गर्नुभयो । बिकासका काममा हुन सक्ने लापरवाही र ढिलासुस्ती बिकाराल देखिएको भन्दै सबै तहका सरकारहरूको समन्वयमा खडा भएको जिल्ला समन्वय समिति विशेष चनाखो हुनुपर्ने उहाँको भनाइ थियो ।



कार्यक्रममा जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्य (जि.स.स. नवलपरासी पूर्वका प्रमुख) बाबुराम बि.क., कास्कीका जिल्ला समन्वय अधिकारी नबराज बराल लगाएतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए । अध्यक्ष लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत समितिका उपाध्यक्ष (जि.स.स. पर्वतका उपप्रमुख) सोम बहादुर जि.सी. र कार्यक्रम संचालन समितिका सचिब (जि.स.स. स्याङ्गजाका सदस्य) सरस्वती बगालेले गर्नुभएको थियो । सपथ ग्रहण लगत्तै सो समितिको पहिलो बैठक समेत बसेको थियो ।

उक्त बैठकले जिल्ला समन्वय समिति महासंघको चौथो राष्ट्रिय परिषद बैठक गण्डकी प्रदेशको पोखरामा आयोजना गर्ने केन्द्रिय समिती लगायत सहयोगी सम्पूर्णमा हार्दिक आभार प्रकट गरेको छ । त्यस्तै बैठकले जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यहरूको क्षमता तथा दक्षता बृद्धि गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान संगको सहकार्यमा फागुन ७ गते विशेष प्रशिक्षण कार्यक्रम संचालन गर्ने, जिल्ला समन्वय समितीहरूलाइ कार्य सम्पादनका लागि प्रदेश सरकारले निर्माण गर्नुपर्ने कानुनहरूको सम्बन्धमा प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय भएको उप सचिब खड्गराज सुबेदिले जानकारी दिनुभयो ।

# जिल्ला समन्वय समितिद्वारा पहिलो पटक कास्कीका कार्यालयहरूको अर्ध बार्षिक समिक्षा सम्पन्न



२०७९ फागुन २९, पोखरा, जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलज्यूको अध्यक्षतामा आयोजना गरिएको संघ, प्रदेश र स्थानीय तहबाट आर्थिक बर्ष २०७९/८० मा सम्पादित कार्यहरूको अर्ध बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ । २०७९ फाल्गुन २८ र २९ गते गरि दुई दिन सम्म चेलेको समिक्षा बैठकमा कास्कीका विभिन्न कार्यालयमा संचालित योजना तथा बिकास निर्माणका कार्यहरूको समिक्षा गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले तिनै तहका सरकारका कामहरूको सहजीकरणका लागि कार्यक्रम आयोजना गरिएको भन्दै तिनै तहका सरकार र निकायहरू समयमा काम सम्पन्न गर्ने गरि लागि पर्न आग्रह गर्नुभयो ।

पौडेलले निर्माणाधिन केही आयोजनाका गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको हुँदा गुणस्तरमा कुनै कमजोरी देखिन नहुने उल्लेख गर्दै यदि त्यस्तो पाइएमा कुनै सम्झौता नहुने प्रष्ट पार्नु भयो ।

उहाँले स्रोतको उचित प्रयोग, गुणस्तरमा प्रतिबद्धता र जनगुनासोको सम्बोधन सहित समयमा बिकास निर्माणका काममा लाग्न सबै स्थानिय तह र विभिन्न बिभागिय कार्यालयका प्रमुखहरूलाइ निर्देशन दिनुभयो ।

कार्यक्रम जिल्ला समन्वय समिति कास्कीका उप प्रमुख सरिता माल, कास्किका प्रमुख जिल्ला अधिकारी टंक बहादुर के.सी., स्थानीय पूर्बाधार बिकास आयोजना कार्यालय पोखराका प्रमुख सह सचिब कुमार थापा, जिल्ला समन्वय अधिकारी नबराज बराल, रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, लगायतले बिकासमा बिभागिय कार्यालयहरूको एकीकृत समन्वयमा जोड दिनु भएको थियो ।

कार्यक्रममा कास्कीका छनोट भएका कुल २२ वटा कार्यालय मध्ये २० वटाले आ-आफ्नो प्रस्तुति गरेका र नेपाल विद्युत प्राधिकरण मालेपाटन र जलस्रोत तथा सिचाइ बिकास डिभिजन कार्यालय कास्की अनुपस्थित रहेको जिल्ला समन्वय समिति कास्कीले उल्लेख गरेको छ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९५ बमोजिम उक्त कार्यक्रम आयोजना गरिएको थियो । कास्कीमा चालू आर्थिक बर्षको पहिलो ६ महिनामा पुजिगत खर्च तर्फ औषत १५ प्रतिशत मात्रै खर्च भएको पाइएकोले कार्यसम्पादन स्तर सुधार्न निर्देशन दिइएको जिल्ला समन्वय अधिकारी नबराज बरालले बताउनु भयो । कार्यक्रम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# काभ्रेमा कोरोनाको नयाँ भेरियन्ट देखा परे

केही दिन देखि काभ्रेपलाञ्चोक जिल्लामा कोरोना भाईसरको नयाँ भेरियन्ट देखा परेको छ । यसको रोकथामका लागि स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गराउन जिल्ला समन्वय समिति काभ्रेका प्रमुख दिपक कुमार गौतम, प्रमुख जिल्ला अधिकारी पुण्य विक्रम पौडेल, जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, जिल्ला स्वास्थ्य कार्यालय काभ्रेका विरिष्ठ जनस्वास्थ्य प्रमुख डा. पुरुषोत्तम राज सेढाईं, जिल्ला स्थित स्वास्थ्यकमी, सुरक्षाकमी, सञ्चारकमी, बनेपा नगरपालिकाका स्वास्थ्य शाखाका कर्मचारी लगायतको उपस्थितीमा बनेपाको चारदोबाटोमा माक्स नलगाई हिँडेका सर्वसाधरणलाई नि:शुल्क माक्स वितरण कार्यक्रम सम्पन्न भयो ।








# धनुषा जिल्लाको संक्षिप्त परिचय

नेपालको मध्यमाञ्चल विकास क्षेत्र जनकपुर अन्चलका ६ वटा जिल्ला मध्येमा धनुषा पनि एक हो । यो जिल्ला जनकपुर अञ्चलकै सदरमुकाम जनकपुर यसै जिल्लामा पर्दछ । यस जिल्लाले पूर्वमा सिरहा, पश्चिममा महोत्तरी, उत्तरमा सिन्धुली, उदयपुर र दक्षिण तर्फ भारतको विहार राज्यका विभिन्न जिल्लाको सिमानालाई छोएको छ । व्यापारिक र प्रशासनिक बाहेक धार्मिक महत्व ओगटेको यो जिल्लाको महत्व नेपालमा मात्र नभएर नेपाल बाहेक भारत लगायत विश्वका विभिन्न देशका हिन्दु धर्मावलम्बिको वीचमा रहेको छ ।

प्राचीन कालमा हालको जनपुर क्षेत्र मिथिलापुरीको सभ्यता उपनिषदकालको समयमा सर्वोच्च शिखरमा पुगेको पाइन्छ । त्यस समयका शासकहरु सभ्य र उदार भएको कारण मिथिलापुरीमा अध्यात्मिक शिक्षा दर्शन तथा उपनिषदहरुको अत्यन्त विकास भएको इतिहासमा पाइन्छ । सत्ययुगको अन्त्यतिर गएर बैष्णब भगवान विष्णुका अनुयायीहरुको प्रयासबाट मिथिलापुरीको खोज र पुनर्जागरण गरी मिथिलाराज्य जनकपुरको नाममा प्रतिस्थापित हुन पुगेको देखिन्छ । नेपालको एकीकरण पछि नेपालको तराई भुभागमा रहेको यो मिथिलापुरी क्षेत्रको महत्व पौराणिककालदेखि जुन रुपमा रही आएको थियो अझ त्यो भन्दा बढीरुपमा धार्मिक र पछि थप पर्यटकीय रुपमा समेत आज यो क्षेत्रको महत्वमा श्रीवृद्धि भई रहेको छ ।

जनकपुरनगरीले नेपालको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व बोकेको छ । त्रेतायुगका राजा महार्षि जनकको उत्कृष्ट राजधानी जनकपुर अहिले एक विशिष्ठ धार्मिक र पर्यटकीय स्थलका रुपमा समेत विकसित हुदै गईरहेको छ । त्रेतायुगमा मर्यादा पुरुषोत्तम श्रीरामसंग जानकीको विवाह पश्चात यस क्षेत्रको गरिमा अझ उत्कर्षमा पुगेको पाईन्छ । यहाँ भगवान राम र सीताको शुभबिबाह सम्पन्न भएको हुनाले देशका विभिन्न स्थानवाट वैवाहिक कार्यकोलागि यसै स्थानमा आउने गर्दछन । यस स्थानमा विवाह गर्नाले वर वधुको जीवन सफल हुने विश्वास सर्वत्र गरिन्छ । त्यस्तै श्रीरामचन्द्र भगवानले आफ्नो वाणवाट जमिनको पानी निकाली नुहाएको स्थान आज गंगासरको नामले प्रसिद्ध छ । यस स्थानमा नुहाउनाले मानिसको छाला सम्बन्धि रोगहरु र पानी खानाले पेट सम्बन्धिका रोगहरु निको हुने जनविश्वास छ ।

धनुषा जिल्लाको हालको स्वरुप कोशी देखि गण्डकी र गंगा देखि हिमालय सम्म फैलिएको वृहद मिथिला प्रदेशको युगान्तरमा खुम्चिदै गइ सानो स्वरुप नै हो भन्नु अतिश्योक्ति नहोला । किंवदन्ती अनुसार पुर्व वैदिक युगमा जनविहीन रहेको यो क्षेत्रको अन्वेषण माथव विदेधले गरेका थिए मुखमा अग्नी लिई यस वनले ढाकिएको अनकन्टर प्रदेशमा आईपुग्दा उनको मुखमा रहेको अग्नी वाहिर आई सम्पुर्ण वनको विनाश भए पश्चात यहाँ मानव वसोवास शुरु भएको थियो । त्रेतायुगमा जनकवंशका वाईसौं राजा शीरध्वजले प्रजाहरुलाई अनिकालबाट मुक्ति दिलाउन आफैं हलो जोत्न थाल्दा भुमीवाट वालिका जानकी उत्पन्न भईन् जसको कारणवाट यस प्रदेशको गाथा पवित्र र विस्थापित भएको पाईन्छ । सर्वगुण सम्पन्न श्रीजानकीको विवाहका लागि स्वयंवर लिन ईच्छुक विभिन्न प्रदेशबाट आएका शक्तिसम्पन्न राजकुमारहरु मध्येबाट शिवधनुषमा तांदो चढाउने लाई वरको रुपमा ग्रहण गर्ने राजा शीरध्वजको शर्तमा अयोध्याबाट आएका दशरथपुत्र श्रीराम वाहेक कोही उतिर्ण हुन सकेनन् । श्रीरामले सो धनुषमा तांदो चढाउन लाग्दा अत्यधिक वजनले सो धनुष खण्डीत हुन पुग्यो । सो धनुषको एक टुक्रा झरेको स्थानलाई धनुषाधाम भनिन्छ । यसै बाट जिल्लाको नाम धनुषा भनी नामाकरणा भएको पुष्टि हुन्छ ।




रामजानकी मन्दिरमा मार्ग महिनाको पञ्चमी तिथिमा भगवान रामचन्द्र र सीताको बिवाहको स्मरण स्वरुप बिबाहपञ्चमी पर्व मनाउन नेपाल लगायत भारतका विभिन्न स्थानहरुबाट लाखौं धर्मावलम्बिहरु आई रामजानकी बिबाह महोत्सबमा भाग लिई रामजानकी मन्दिरको श्रद्धापूर्वक दर्शन गरी फर्किन्छन् । यस अबसरमा यो महोत्सब मनाउन गठित समिति र स्थानीय प्रशासनिक क्षेत्रको समेत सहयोगमा विवाह पञ्चमीको मध्यान्हमा राम बिबाह महोत्सबको कार्यक्रमहरु सम्पन्न गरिन्छ । यसको साथै प्रत्येक वर्ष तिहारपछिको षष्ठी तिथिमा यहाका पोखरीहरुमा गरिने छठ पूजाको पनि आफ्नै किसिमको महत्व रहेकोछ । दशैं तिहारको विदाको समयमा नआउने व्यक्तिहरु पनि देश वा बाहिर जहाँ रहेपनि यो छठ पर्वको अवरमा आई आ-आफ्नो परम्परा अनुसार पूजाआर्जा गर्ने गर्दछन् । रामजानकीको पबित्रस्थल जनकपुरको साथै यसै जिल्लाभित्र धनुषाधाम गाउँपालिकामा स्थित धनुषाधामको पनि कम महत्व रहेको छैन । भगवान रामचन्द्रले सीताको कन्यार्थका समयमा महर्षि दधिचि ऋषिको हाडबाट निर्मित धनुष उठाएर भाचिँदा ३ टुक्रामध्ये एउटा टुक्रा आई धनुषाधाममा रहेको भनाई रहेको छ । यस पवित्रस्थलमा नेपाल र भारत एवं विदेशका श्रद्धालु भक्तजनहरु रामजानकीको साथै यहाँको पनि दर्शन गरी फर्किने गर्दछन् । यसको साथै यहँको धार्मिक परम्परा अनुसार प्रत्येक वर्ष माघ महिनामा नेपाल लगायत विदेशका श्रद्धालुभक्तजनहरु आई १५ दिन यस क्षेत्रको कचुरी ठेराबाट मिथीला बिहारी भगवानको डोली सहित जनकपुरको वरिपरि भारतका केही भाग एवं महोत्तरीका केही भागको समेत परिक्रमा गरी फर्किने अर्को धार्मिक परम्परा पनि यस क्षेत्रको महत्वपूर्ण

परम्पराको रुपमा रहेको छ । नेपालमा पशुपतिनाथ पछि सबै भन्दा बढी धार्मिक श्रद्धालु आउने स्थलहरुमध्येमा जनकपुरको स्थान दोस्रो रहेको छ भने यसपछि लुम्बिनीको स्थान आउँदछ । धार्मिक महत्वको साथै उद्योग व्यापार यातायात संचार र विकासका अन्य गतिविधिसमेतको आधारमा यस जिल्लाको महत्वपूर्ण स्थान रहेको छ । नेपालका पहिलो रेल्वे सेवा यसै स्थानमा पर्दछ । नेपाल र भारतको सिमानालाई रेलवाट जोडने यातायात सेवा यसै जिल्लामा पर्दछ । धनुषा जिल्ला विभिन्न उद्योगहरु रहेका छन ती मध्ये नेपालको पहिलो चुरोट कारखाना जनकपुर चुरोट कारखाना यसै जिल्लामा रहेको छ । ती वाहेक एभरेष्ट कागज कारखाना, नोवेल ग्यास उद्योग र तेज सिमेन्ट उद्योग मैदा उद्योग यसै जिल्लामा पर्दछन । यस जिल्लामा ठुला परियोजनाहरु र कृषि फर्महरु रहेका छन् ती मध्ये हर्दिनाथ सिंचाई आयोजना, कमला सिचाई आयोजना, मत्स्य विकास आयोजना, बागवानी फर्म, चरण विकास फार्म र कृषि विकास आयोजना नक्टाझिझ, कृषि अनुसन्धान केन्द्र बेलाचापी रहेका छन् ।

यातायातको हिसाबमा महेन्द्र राजमार्गले छेडेको र महेन्द्र राजमार्ग देखि जनकपुर हुदै जलेश्वर मटिहानीका साथै जनकपुरबाट हुलाकी सडक हुँदै कमला नदी र सिरहा जिल्ला सँग सर्म्पक हुनु र विभिन्न क्षेत्रमा निर्मित उत्तर दक्षिण सडकहरुले पनि यस जिल्लाका एक ठाउँबाट अर्को क्षेत्रका जनताबीचमा नजिक बनाउन महत्वपूर्ण भुमिका निर्वाह गरेको छ । यातायातको हिसाबमा भोलिका दिनमा बर्दिवास सिन्धुली बनेपा सडक सम्पन्न पछि हुने आवागमनका सुगमताले पनि यस जिल्लालाई व्यापारिक क्षेत्रमा भारत र राजधानी काठमाण्डौलाई एकैसाथ नजिक्याउनमा सफल हुने र यसको निमार्णपछि यस जिल्लाको आर्थिक गतिविधिमा पनि परिवर्तन हुने निश्चित भएको छ ।

यस जिल्लामा सबैभन्दा बढि बोलिने भाषा मैथली भाषा हो । धर्मको आधारमा सबैभन्दा बढि हिन्दु धर्म मान्नेहरु ८९%, इस्लाममा ८%, बौद्ध धर्ममा १% र बाँकी अन्य २% प्रतिशत छन् ।

### जनसांख्यिक विवरण :

२०७७ सालको जनगणना अनुसार धनुषा जिल्लामा जम्मा ८,७३,२७४ जनसंख्या रहेको छ । जसमा पुरुषको संख्या ४,३४,३३५ र महिलाको संख्या ४,३८,९३९ रहेको छ ।

### भौगोलिक अवस्थिति :

नेपालको मानचित्रमा यो जिल्ला २६० ३५' देखि २७० ५' उत्तरी आक्षाँश रेखा र ८५० ५' देखि ८६० २' पूर्वी देशान्तर रेखाको बीचमा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल ११८० वर्ग किलोमिटर रहेको छ । लगभग माप अनुसार उत्तर-दक्षिण औसत लम्बाई ४५।२७ कि.मी., पर्व-पश्चिम औसत चौडाई २७।४७ कि.मी., अधिकतम लम्बाई ५८ कि.मी., कम लम्बाई ३९ कि.मी., बढी चौडाई ३४ कि.मी., कम चौडाई २२ कि.मी. रहेको झण्डै चरा स्वरुपको यो जिल्ला नदीनाला र वनजंगल जस्ता प्राकृतिक श्रोत साधनमा पनि धनी नै मानिन्छ ।

### राजनैतिक तथा प्रशासनिक विभाजन :

| | | |
|---|---|---|
| विकास क्षेत्र | : | मध्यमाञ्चल |
| अञ्चल | : | जनकपुर |
| जिल्ला | : | धनुषा |
| भौगोलिक क्षेत्र | : | तराई |
| निर्वाचन क्षेत्र | : | ७ |
| इलााका संख्या | : | १८ |
| गा.पा.स. संख्या | : | ६ |
| उपनगरपालिका सख्या | : | १ |
| नगरपालिका संख्या | : | ११ |
| सदरमुकाम | : | जनकपुरधाम |
| सरकारी कार्यालयहरु | : | ६२ |

## महासंघ तथा जिल्ला समन्वय समितिहरुको जिल्लास्थित अनुगमन, गतिविधि तथा अन्य





जिल्ला समन्वय समिति महासंघ नेपालका प्रतिनिधि मण्डलले महामहिम राष्ट्रपतिज्यूसंगको भेटमा महासंघ अनुरोध पत्र पढेर सुनाउँदै उपमहासचिव दिपक कुमार गौतम







२०७९ चैत्र ७, पोखरा, जिल्ला समन्वय समिति कास्कीका जनप्रतिनिधिलाई अभिमुखिकरण तालिम सम्पन्न ।










11-13th April, 2023 UCLG-ASPAC Executive Bureau Meeting मा जिल्ला समन्वय समिति महासंघ नेपालको सहभगिता







२०७८ चैत्र ५, पोखरा, जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेशको पदाधिकारीहरुको सपथ ग्रहण सम्पन्न ।





२०७८ चैत्र २४ र २५, जिल्ला समन्वय समिति खोटाङ्को जिल्लाको सन्तुलित विकास र समृद्धि विषयक गोष्ठी र जिल्ला सभा र सम्पन्न ।

**सम्पादन : कृष्णचन्द्र न्यौपाने, सामग्री संकलन तथा लेआउट : दिनेश श्रेष्ठ**

जिल्ला समन्वय समिति महासंघ नेपाल Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15454081 **Fax #** 977-1-5448469 BabarMahal, Kathmandu
**E-mail :** adccn@adccn.org.np; adccn77@gmail.com **URL:** www.adccn.org.np